# मोरङ जिल्ला अदालत

विराटनगर

पत्र संख्या :०७७/७८
प्राप्त पत्र संख्या र मिति :
चलानी नं. :

☎फोन नं.: ०२१-५११२३९, ५१२६४२

Email : info.dcmorang@supremecourt.gov.np
Website(Central):www.supremecourt.gov.np
मितिः २०७८/०३/२२

**विषय :- सेवा थप गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा कोभिड-१९ महामारीको विषम परिस्थितिमा रोगको जोखिम कम गर्न तथा जिल्ला प्रशासन कार्यालय मोरङबाट जारी भएको निषेधाज्ञा समेतको कारण यस अदालतबाट प्रदान गरिदै आएको अरु सेवामा संकुचन भई अभियोग दर्ता सहित हिरासतमा रहेको प्रतिवादीको बयान तथा थुनछेक जारी रही विभिन्न मितिका निर्णयहरुबाट विशेष प्रकृतिका निवेदन दर्ता, मिलापत्र, मुद्दा फिर्ता तथा थुनुवा प्रतिवादी भएको मुद्दाको पेशी सुनुवाई सम्बन्धी कार्य हुदै आएकोमा सो सेवाहरुलाई निरन्तरता दिदैं मिति २०७८/०३/२३ गतेबाट लागु हुने गरी तपसिल बमोजिमको सेवासमेत थप हुने गरी मिति २०७८/०३/२२ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**तपसिल**

१. तारेख लिन उपस्थित हुन आउने पक्षलाई तारेख दिइने,
२. दैनिक १० वटासम्म फिरादपत्र दर्ता हुने र फिरादपत्र दर्ता गर्न विहान १० बजे देखि बाँडिने टोकन लिनुपर्ने छ। टोकनमा तोकिएको समयमा सोही दिन फ़िरादपत्र दर्ता गर्न आउनु पर्ने,
३. सम्पत्ति रोक्का सम्बन्धी निवेदनहरु उपर सुनुवाई हुने।

.......................
राजकुमार दाहाल
सेस्तेदार
सेस्तेदार
उपसचिव